# बन्दिपुर गाउँपालिका

बन्दिपुर गाउँपालिकाद्वारा प्रकाशित राजपत्र

**खण्डः ५ संख्याः ३ मितिः २०७८/०३/२५**

**भाग १**

बन्दिपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सुचना

## बन्दीपुर गाउँपालिकाको पूर्वाधार (प्रथम संशोधन) ऐन, २०७८

**प्रस्तावनाः**

बन्दीपुर गाउँपालिकाको पूर्वाधार ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, बन्दीपुर गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "बन्दीपुर गाउँपालिकाको पूर्वाधार (प्रथम संशोधन) ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. बन्दीपुर गाउँपालिकाको पूर्वाधार ऐन, २०७५ दफा २० को उपदफा ४ मा संशोधन**

(१) "यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरुले न्यूनतम १० प्रतिशत नगद लागत सहभागतिा वा १५ प्रतिशत जनसहभागिता गर्नुपर्नेछ" को सट्टा "यस्तो समिति मार्फत गरिने सिँचाई र खानेपानीका निर्माण कार्यहरूमा उपभोक्ताहरूले न्यूनतम १० प्रतिशत नगद लागत सहभागतिा वा १५ प्रतिशत जनसहभागिता गर्नुपर्नेछ र अन्य पूर्वाधार निर्माणका कार्यमा उपभोक्ताहरूले न्यूनतम १० प्रतिशत नगद लागत सहभागिता वा १० प्रतिशत जनसहभागिता गर्नुपर्नेछ।" राखिएको छ।

**आज्ञाले**
**महेश सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**